# महाकुलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बुङ, सोलुखुम्बु
### स्था: २०७३

१ नं.प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं.

मितिः२०७८।०९।१८

**विषयः विद्यालय स्थापना तथा कक्षा थप सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षा नियमावली, २०५९ को परिच्छेद-२ को नियम ३ मा विद्यालय खोल्न चाहनेले अनुमतिका लागि शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तीमा ३ महिना अगावै गाउँ शिक्षा समितिमा वा नगरपालिकाको सिफारिस सहितको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था छ। स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद-३ को दफा ११ ज (२) मा सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने काम, कर्तव्य र अधिकार स्थानीय तहको हुने व्यवस्था गरिएको छ। महाकुलुङ गाउँपालिका शिक्षा ऐन, २०७५ को परिच्छेद-२ को नियम ३ को उपनियम १ मा वडा समितिको सिफारिसमा शैक्षिक सत्र शुरु हुनु भन्दा ४ महिना अगावै गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्ने व्यवस्था छ। यस सन्दर्भमा महाकुलुङ गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७८।०९।०५ गतेको बसेको वैठकको निर्णयानुसार नयाँ शैक्षिक सत्र २०७९ का लागि विद्यालय खोल्ने तथा कक्षा थपका लागि सूचना आह्वान गर्ने निर्णय भएको हुदाँ यस गाउँपालिकाभित्र विद्यालय खोल्ने तथा नयाँ कक्षा थपका गर्न इच्छुक विद्यालयहरुले तपसिलका कागजात सहित तोकिएको ढाँचामा निवेदन मिति २०७८ पौष मसान्त भित्र महाकुलुङ गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु हुन अनुरोध छ।

तपसिलः

१. वडा समितिको सिफारिस वा वडा कार्यालयको सिफारिस पत्र।
२. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी।
३. नजिकका कुनै २ वटा विद्यालयको सिफारिस।
४. अनुसूचीमा तोकिएको ढाँचामा विद्यालयको आफ्नो स्रोत सहितको विद्यालय सञ्चालन गर्ने प्रतिवद्दता सहितको निवेदन।

२०७८।०९।१८
............................
झमक बहादुर कटुवाल
शिक्षा शाखा प्रमुख

२०७८।०९।१८
............................
विष्णु रञ्जन वराल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना तथा सञ्चार प्रविधि शाखा (वेवसाइटमा प्रविष्ट गरिदिनु हुन)।

Email: mahakulung.rum@gmail.com

Web: mahakulungmun.gov.np